बैठक संख्या - ~~१०~~ ०१.

Page No.:
Date :

आज मिति २०८१ साल श्रावण १६ गतेका दिन यस साकेला गाउँपालिका अध्यक्ष श्री रवि प्रकाश राईको अध्यक्षतामा बसेको गाउँकार्यपालिकाको बैठकले तपशिलबमोजिमको उपस्थितिमा निम्न प्रस्ताव उपर छलफल गरी निर्णय पारित गरियो ।

उपस्थिति :-

१) गाउँपालिका अध्यक्ष श्री रवि प्रकाश राई
२) - " - उपाध्यक्ष श्री विर्सीका राई
३, कार्यपालिका सदस्य श्री १ नम्बर वडाअध्यक्ष हेमन राई
४, २ नम्बर वडा अध्यक्ष श्री जितेन्द्र कुमार राई
५, ३ " " " श्री गोविन्द तामाङ
६, ४ " " " श्री अर्जुन कुमार कस्वाल - अनुपस्थित
७, ५ " " " श्री जीवन खत्री
८ कार्यपालिका सदस्य श्री मनकुमारी राई
९, - " - " श्री सुजना वि.क.
१० - " - श्री सर्मिला कट्टेल
११ - " - श्री भगवती वि.क.
१२, - " - श्री दिपक ~~कुमार~~ सुनार
१३, - " - श्री नरबहादुर कामी
१४, सदस्य सचिव श्री महेश राई (प्र.प्र.अ.)

आमन्त्रित :-

१, कविराज राई
२, Dillman राई MIS operator
३, कार्यालय सहयोगी श्री राजन खड्का

कार्यपालिका बैठकको कार्यसूची :-

१) साकेला गाउँपालिकाको निर्माण आयोजनाहरुको म्याद थप सम्बन्धमा ।
२) वडा नं. ४ को कार्यवाहक वडाध्यक्षको जिम्मेवारी तोक्ने सम्बन्धमा ।
३) विविध सम्बन्धमा ।

साकेला गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय

निर्णयहरु:

स्ताव नं. १ माथि छलफल गर्दा साकेला गाउँपालिका अन्तर्गत आ.व. २०८०।०८१ मा संचालन भएका हायका आयोजनाहरु/कार्यक्रमहरुलाई बहुबर्षीय कायम गरी म्याद थप समेत गर्ने निर्णय सर्वसम्मतले पारित रियो।

- साकेला गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यलय, खोटाङ र दोभान डि.आर. जे.भी., धनकुटा-७ बीच बाँझेच्यानडाँडा-रतन्छा-मानेभन्ज्याङ काल्चिङखोला सडक स्तरोन्नति आयोजना (Bajhechyandada-Ratanchha-Manebhanjyang kalching Khola Road Upgrading Project-Four) मिति २०८०।१०।०७ गते कूल लागत १,८०,३९,६०३।३१ (अक्षरेपी एक करोड असी लाख उनान्चालीस हजास छ सय तीन रुपैंया एकतीस पैसा) मा ठेक्का सम्झौता भइ मिति २०८१।०३।२० गते भित्र कार्य सम्पन्न गर्ने गरी निर्माण कार्य अगाडि बढाएकोमा संघीय सरकारबाट प्राप्त हुनुपर्ने वित्तीय समानीकरण बापतको अनुदान रकम समयमै तोकिएको परिमाणमा प्राप्त हुन नसकी निर्माण व्यवसायीलाई समयमै रनिङ बील प्रदान गर्न नसकिएको र पछिल्लो समय निर्माण कार्यका निम्ति ग्राभेल लाइ आवश्यक पर्ने सम्पूर्ण निर्माण सामाग्री विछ्याइ कार्य अगाडि बढएकोमा प्राविधिक समस्या परी निरन्तर निर्माण कार्य अगाडि बढाउन नसकिएको र त्यस पश्चात देशैभर परेको अविरल वर्षाको कारण उक्त निर्माण कार्य समयमै सम्पन्न गर्न नसकिएको हुनाले म्याद थप गरि पाउँ भनि निवेदन पेश गर्नु भएकोमा उक्त ठेक्कालाई पालिकाको बहुवर्षीय आयोजनाको रुपमा अगाडि बढाउने र पहिलो र दोस्रो रनिङ बील बमोजिम रकम रु.१,०५,०४,२८१।३ (अक्षरेपी एक करोड पाँच लाख चार हजार दुइ सय एकासी रुपैंया तीस पैसा) भुक्तानी भइ बाँकी रहेको रकम रु.७५३५३२२ (अक्षरेपी पचहत्तर लाख पैंतीस हजार तीन सय बाइस रुपैंया) आगामी आ.व. २०८१।०८२ मा साकेला गाउँपालिकाको आन्तरिक स्रोतबाट भुक्तानी हुने गरी हाललाई बाँझेच्यानडाँडा-रतन्छा-मानेभन्ज्याङ काल्चिङखोला सडक स्तरोन्नति आयोजनाको कार्यसम्पन्न म्याद सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५६ र सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२० र १२०क. बमोजिम २०८१ असोज मसान्तसम्मको लागि थप गर्ने निर्णय समेत गरियो।

- साकेला गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यलय, खोटाङ र मायुमी कन्स्ट्रक्सन., काठमाडौं-३१ बीच बाँझेच्यानडाँडा-रतन्छा-मानेभन्ज्याङ काल्चिङखोला सडक स्तरोन्नति आयोजना (Bajhechyandada-Ratanchha-Manebhanjyang kalching Khola Road Upgrading Project-Five) मिति २०८१।०१।२५ गते कूल लागत ५१,२४,६२०।६७ (अक्षरेपी एकाउन्न लाख चौबीस हजार छ सय बीस रुपैंया सरसठ्ठी पैसा) मा ठेक्का सम्झौता भइ मिति २०८१।०३।२० गते भित्र कार्य सम्पन्न गर्ने गरी निर्माण कार्य अगाडि बढाएकोमा संघीय सरकारबाट प्राप्त हुनुपर्ने वित्तीय समानीकरण बापतको अनुदान रकम समयमै तोकिएको परिमाणमा प्राप्त हुन नसकी निर्माण व्यवसायीलाई समयमै रनिङ बील प्रदान गर्न नसकिएको र पछिल्लो समय निर्माण कार्यका निम्ति ग्राभेल लाइ आवश्यक पर्ने

साकेला गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
मानेभन्ज्याङ, खोटाङ, कोशी प्रदेश, नेपाल
स्था. २०७३

सम्पूर्ण निर्माण सामाग्री विछ्याइ कार्य अगाडि बढएकोमा प्राविधिक समस्या परी निरन्तर निर्माण कार्य अगाडि बढाउन नसकिएको र त्यस पश्चात देशैभर परेको अविरल वर्षाको कारण उक्त निर्माण कार्य समयमै सम्पन्न गर्न नसकिएको हुनाले म्याद थप गरि पाउँ भनि निवेदन पेश गर्नु भएकोमा उक्त ठेक्कालाई पालिकाको बहुवर्षीय आयोजनाको रुपमा अगाडि बढाउने र यस आ.व. मा भुक्तानी गरिएको रकम रु.५,१३,०००।-(अक्षरेपी पाँच लाख तेह्र हजार रुपैंया) भन्दा बाँकी रहेको रकम रु.४६,११,६२१।- (अक्षरेपी छयालीस लाख एघार हजार छ सय एकाइस रुपैंया) आगामी आ.व. २०८१।०८२ मा साकेला गाउँपालिकाको आन्तरिक स्रोतबाट भुक्तानी हुने गरी हाललाई बाँझेच्यानडाँडा-रतन्छा-मानेभन्ज्याङ काल्चिङखोला सडक स्तरोन्नति आयोजना पाँचौको कार्यसम्पादन म्याद सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५६ र सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२० र १२०क. बमोजिम २०८१ असोज मसान्तसम्मको लागि थप गर्ने निर्णय समेत गरियो।

- साकेला गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय, खोटाङ र बतासे दोभाने कुलो जल उपभोक्ता संस्था, साकेला गाउँपालिका वडा नं. १ बीच मिति २०८०।०९।०५ गते कूल लागत ६९,२३,५६६।९६ (अक्षरेपी उनान्सत्तरी लाख तेइस हजास पाँच सय छइसठ्ठि छयानब्बे पैसा) हुने गरि आयोजना सम्झौता भइ निर्माण कार्य अगाडि बढाएकोमा उक्त आयोजनाको कार्यसम्पादन अवधि मिति २०८१।०३।२० गते रहेको तर संघीय सरकार, प्रदेश सरकार र स्वीट्जरल्याण्ड सरका प्रस्ताव नं. १ माथि छलफल र बाट प्राप्त गर्नुपर्ने आवश्यक बजेट समयमै प्राप्त हुन नसकी बजेट अपुग भएको र साना सिंचाइ कार्यक्रम, खोटाङको च.नं. १२३।२०८०।०८१, मिति २०८१।०३।१३ गतेको पत्रलाई समेत आधार मानि उक्त बतासे दोभाने सिंचाई योजनाको म्याद यही मिति २०८१।०३।२० गते सम्म थप गर्ने निर्णय गरियो।

- साकेला गाउँपालिका अन्तर्गतको वडा नं. ४ मानेभन्ज्याङमा निर्माधिन अवस्थामा रहेको साकेला गाउँपालिकाको प्रशासकीय भवन साकेला गाउँपालिका, मानेभन्ज्याङ र मल्लरानी-सजिव जेभीबीच मिति २०७९।०३।२० गते सम्झौता भइ निर्माण प्रस्ताव नं. २ माथि छलफल कार्य अगाडि बढाइरहेकोमा संघीय सरकारबाट प्राप्त हुनुपर्ने समपुरक अनुदानको रकम हालसम्म पनि पालिकालाई प्राप्त नभएको हुँदा निर्माण व्यवसायीलाई र प्रस्ताव नं. १ माथि छलफल निङ बील बमोजिमको रकम समयमै भुक्तानी गर्न नसकि निर्माण कार्यमा ढिलासुस्ती हुन गइ कार्यसम्पन्न म्याद मिति २०८१।०३।२० भित्र तोकिएको निर्माण कार्य सम्पन्न नभएको हुँदा उक्त निर्माण व्यवसायीबाट म्याद थपको लागि रीत पूर्वक पेश हुन आएको निवेदन उपर कारबाही गर्दा मिति २०८१।०९।२० गतेसम्मका लागि कार्यसम्पन्न म्याद थप गर्ने निर्णय गरियो।

व नं. २ माथि छलफल गर्दा साकेला गाउँपालिका अन्तर्गतको वडा नं. ४ मा लामो समयदेखि वडाध्यक्ष न्दा बाहिर जानु भएको र निज वडाध्यक्षको अनुपस्थितिमा वडाबाट कार्यसम्पादन गर्नुपर्ने विभिन्न का सार्वजनिक सेवा प्रवाह लगायत वडाले निर्माण गर्नुपर्ने नीति निर्माण कार्यमा समेत समस्या आइ

सेवाग्राहीहरुले दुख पाइरहेको र निज वडाध्यक्षको अनुपस्थितिमा कानून बमोजिम सेवा प्रवाहलाई निरन्तरता दिनको लागि कार्यवाहक वडाध्यक्ष तोकिदिनुहुन भनि वडाबाट मिति २०८१।०४।१६ गतेको निवेदन पालिकामा प्राप्त भएकोमा हाललाई उक्त वडाको सेवा प्रवाहलाई निरन्तरता दिन वडा समितिको जेष्ठ वडा सदस्य श्री भीमबहादुर खड्कालाई मिति २०८१।४।१८ गतेदेखि लागू हुनेगरी मिति २०८१।०४।३२ गतेसम्मको लागि कार्यवाहक वडाध्यक्ष तोक्ने निर्णय सर्वसम्मतले पारित गरियो।

प्रस्ताव नं. ३ विविध सम्बन्धमा छलफल गर्दा यस साकेला गाउँपालिकामा सञ्चालनमा रहेको एम्बुलेन्सको आम्दानी तथा खर्च सम्बन्धमा आ.व. २०७९/०८० मा महालेखा परीक्षकको प्रतिवेदन अनुसार एम्बुलेन्स सञ्चालन बापतको राजश्व कुल जम्मा रकम रु. ५,१९,२१८।- ( अक्षरेपि रु पाँच लाख उन्नाईस हजार दुई सय अठार रुपैया) एम्बुलेन्स चालक श्री छिरिङ शेर्पा बाट असुल गर्नुपर्ने भनिएकोमा उक्त एम्बुलेन्सको आ.व. २०७९/०८० मा जम्मा प्राप्त कुल राजश्व रकम रु. ५,३१,१०९।- रहेको र आ.व.२०७९/०८० मा एम्बुलेन्सको खर्चतर्फ कुल जम्मा रु ५,१९,२१८।- रहेको र उक्त एम्बुलेन्सको जम्मा भएको कुल राजश्व रु ५,३१,१०९।- दाखिला तथा आम्दानी बाध्नु पर्नेमा सैद्धान्तिक ज्ञानको अभावले रु ११,८९१।- मात्र बैक दाखिला भएको र बाँकि रहेको रकम एम्बलेन्सुको खर्चसँग हिसाब मिलान गरि प्रकृयागत त्रुटि भएको संलग्न बिल भर्पाईको आधारमा देखिएको हुँदा यस साकेला गाउँपालिकाको एम्बुलेन्स सञ्चालन बापतको राजश्वमा कुनै आर्थिक हिनामिना नभई प्रकृयागत त्रुटि भएको भनि अख्तियार दुरुपयोग अनुसन्धान आयोगको कार्यालय बर्दिबासलाई लेखि पठाउने निर्णय सर्वसम्मतले पारित गरी आजको बैठक समापन गरियो।

साकेला गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय मानेभन्ज्याङ, खोटाङ, कोशी प्रदेश, नेपाल स्था. २०७३